# सडक बत्ति जडान तथा मर्मत कार्यविधि २०८०

मोरङ जिल्लाको कटहरी गाउँपालिकाको विराटनगर महानगरपालिका सँग सिमाना जोडी ५१.५९ वर्ग कि.मि मा फैलिएको छ । स्थानीय जनताको घना वस्तीहरुमा पर्यटकीय तथा सार्वजनिक महत्वका क्षेत्रहरुमा आर्थिक क्रियाकलापको विस्तार तथा शहरी सुरक्षाको प्रवद्धन गर्न र सहरी सौन्द्रर्यता कायम गर्ने कार्यमा सहयोग पुर्याउने उदेश्यले ग्रमीण उर्जा निति २०६३ र नवीकरणीय उर्जा निति २०६९ अन्तर्गत सडक वत्ति जडान तथा मर्मत सम्भार संतालन गर्न आवश्यक देखिएकोले नेपालको संविधानको भाग-१७ धारा २१८ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यविधि २०८० तर्जुमा गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम सडक वत्ती जडान तथा मर्मत सम्भार कार्यविधि, २०८० रहेको छ ।

२. यो कार्यविधि कटहरी गाउँ कार्यपालिकाको कार्यालयवाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

३. यस गाउँपालिका अन्तर्गत सडक वत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम यस कटहरी गाउँपालिकाका ७ वटै वडाहरुमा संचालन गरिने छ ।

२. परिभाषा

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम भन्नाले नेपाल विद्युत प्राधिकरणद्वारा गाउँपालिका भरी प्रसार गरीएको विद्युत लाइन तथा पोलहरुमा साझ तथा रात्री समयमा गाउँवासीहरु लाई सहज रुपले हिडडुल गर्न आवश्यक प्रकाशको व्यवस्था वुझनुपर्दछ ।

३. उदेश्य

१ यस कार्यक्रमको उदेश्यहरु देहाय वमोजिम रहेका छन्,

क. रात्रीको समयमा सहरी आवागमनलाई सहज सरल र सुगम तुल्याई गाउँपालिका क्षेत्रको सुरक्षामा सहयोग प्रदान गर्ने,

ख. गाउँपालिका क्षेत्रमा सडक वत्ति जडान गरी रात्रीको समयमा समेत जीवनयापन सहज रुपमा सञ्चालन गर्ने,

ग. गाउँपालिकाको सडक वत्ती महसुललाई न्युनिकरण गर्न सहयोग पुर्याउने,

घ.समुदायमा आधारित सडकबत्ती कार्यक्रम सञ्चालन गरी समुदायको अपनत्व बोध प्रवर्दन गर्ने,

ङ. गाउँपालिका क्षेत्रमा सौन्दर्यता प्रवर्दन गर्ने,

परिच्छेद-२

कर्मचारी व्यवस्थापन

४. यस कार्यालयको स्वीकृत संगठन तथा व्यवस्थापन(O&M)बमोजिमको इलेक्ट्रिसियन(चौथो) लाई सहायक चौथो वा सो सरहको सेवा सुविधा र सहायक प्राविधिक कर्मचारी(श्रेणी विहिन) लाई का.स. वा सो सरहको सेवा सुविधा प्रदान गरी सम्पुर्ण वडाको मर्मत संभार तथा जडान कार्य गरिने छ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

परिच्छेद-३

सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम संचालन विधि

देवराज चौधरी
अध्यक्ष

CamScanner

५. सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम संचालन गर्ने निकाय

१. यस कार्यविधि अन्तर्गत सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम संचालन गरिनेछ ।

२. यस कार्यक्रमको व्यवस्थापन अनुगमन जस्ता क्रियाकलापहरु सम्बन्धित वडा कार्यालय तथा कटहरी गाउँ कार्यापालिकाको कार्यालयले गर्नेछ ।

३. यस कार्यक्रम संचालन गर्न आवश्यक विभिन्न सरसामानहरु यस गाउँपालिकाको जिन्सि शाखावाट उपलब्ध गराईनेछ ।

४. आवश्यक पर्ने व्यवस्थापनको अनुमान कटहरी गाउँपालिकामा रहेको ईलेक्ट्रिसियन र सहायक ईलेक्ट्रिसियनको माग अनुमान विवरण वमोजिमको व्यवस्थापन प्रचलित कानुन वमोजिम खरीद गरी राख्नुपर्दछ ।

६. सडक बत्ती जडान तथा मर्मत सम्भार कार्यक्रम संचालन का लागि छनोटका आधारहरु

१. यो कार्यक्रम यस गाउँपालिका भित्र स्थानिय आवश्यकताको आधारमा वडा कार्यालयहरुबाट माग भएका आधारमा वडा कार्यालयको सिफारीसमा विभिन्न स्थानहरुमा कार्यानयन गरिनेछ ।

२. गाउँपालिकाले यो कार्यक्रम गाउँपालिका क्षेत्रभित्र सबै वडाहरुको विभिन्न स्थानहरुमा कार्यान्वयन गर्न सक्नेछ ।

७. कार्यक्रम व्यवस्थापन

यो कार्यक्रमको व्यवस्थापन देहाय वमोजिम हुनेछ ।

१. वजेट सिलिङको मातहतमा रही कार्यक्रम संचालन गरिनेछ ।

२. गाउँकार्यपालिकाले प्राथमिकता क्रम तोकी सडक बत्ति जडान तथा मर्मत गरिन सक्नेछ ।

३. गाउँकार्यपालिकाले उपलब्ध बजेट तथा यसका कार्यविधिको आधारमा रही कार्यक्रम संचालन गर्नेछ ।

४. यस कार्यक्रमको वजेटको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

८. आयोजनाको अनुगमन तथा प्रगति विवरण

कार्यक्रमको अनुगमन तथा प्रगति विवरण देहाय बमोजिम हुनेछ ।

१ कार्यक्रमको अनुगमन तथा मुल्याङकन सम्बन्धित वडा र गाउँपालिका स्तरीय अनुगमन समितिबाट गरिनेछ ।

९. प्रशासनिक खर्च

कार्यक्रमको प्रशासनिक खर्च देहाय बमोजिम हुनेछ।

१. यस कार्यक्रमको व्यवस्थापनलाई लाग्ने प्रशासनिक तथा अन्य खर्च गाउँकार्यपालिकाले उपलब्ध गराउनेछ ।

१०. आर्थिक/जिन्सी प्रशासन

1. कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक नियमावली वमोजिम हुनेछ।
2. मर्मत संम्भार तथा नयाँ जडान गर्न आवश्यक पर्न विधुतीय सामाग्री गाउँपालिकाले एकमुष्ट रुपमा खरिद गरी मौज्दात व्यवस्थापन गर्नुपर्ने छ।
3. मौज्दात सामाग्रीको माग गाउपालिकाबाट खटाइएका इलेक्ट्रिसियन/प्राविधिकको माग बमोजिम वडाको सिफारिसको आधारमा गरिनेछ।
4. कार्यक्रमको व्यवस्थापन यस कार्यविधिको मातहतमा रहि कटहरी गाउँपालिकाले गर्नुपर्नेछ ।

११. प्रारम्भ तथा खारेजी

यो कार्यविधि प्रमाणीकरण भएको मितियाट प्रारम्भ हुनेछ साथै यस कार्यविधिमा भएका व्यवस्था संशोधन गर्न तथा खारेजी गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ

CamScanner